प्रमाणीकरण मितिः- २०८१/०४/१४

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः २२ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको कार्यक्रम संचालन सम्बन्धी निर्देशिका-२२

## आ.ब. २०८०/०८१ को कृषि कार्यक्रम संचालन सम्बन्धी निर्देशिका-२०८०

(संसोधित)

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०८१/०४/१४

१. <u>५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रम</u>

१.१ **प्रस्तावनाः** समग्र अर्थतन्त्रको विकासको लागि कृषि क्षेत्रको भुमिका निकै नै महत्त्वपुर्ण रहेको छ। कृषि क्षेत्रको उत्पादकत्व बृद्धि तथा व्यवसायीकरणका लागि कृषि फर्महरुको विकास हुन जरुरी हुन्छ। यसरी स्थापना भएका कृषि फर्महरुको वार्षिक उत्पादनले खाद्य सुरक्षामा समेत टेवा पुर्याएको हुन्छ । भीमफेदी गाउँपालिकाको आ.ब. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बेमौसमी तरकारी खेतीका लागि ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण गरी कृषि क्षेत्रमा प्रबिधि विस्तार गरीनुका साथै यस क्षेत्रको उत्पादन समेत बृद्धि गर्ने लक्ष्य रहेको छ।

प्रमाणीकरण मितिः- २०८१/०४/१४

**१.२ कार्यक्रमको उद्देश्यः**

- बेमौसमी तरकारी खेति र तरकारीको उत्पादनका लागि ५० प्रतिशत अनुदानमा भीमफेदी गाउँपालिकाको सबै वडाहरुलाई समेटि प्लाष्टिक टनेल निर्माण गर्ने।

**१.३ कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रक्रिया /कार्यविधिः**

१.३.१. यस कर्यक्रमका लागि भीमफेदी गाउँपालिकाले ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रम संचालनका लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाद्वारा कम्तिमा ३० दिने सुचना प्रकाशन गरी प्रस्तावना आह्वान गर्नेछ।

१.३.२ कृषकहरूले सुचना प्रकाशित गरिए पश्चात सूचनाको समय अबधि भित्र रहि रित पुर्बक ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माणका लागि आवेदन दिनु पर्नेछ।

१.३.३ आवेदन छनौट गर्दा बेरोजगार, बैदेशिक रोजगारबाट फर्केका युवाले स्थापना गरेका कृषि फर्महरुलाई विषेश प्राथकमिता दिइनेछ ।

१.३.४ आवेदन यस गाउँपालिकाको आर्थिक विकास समितिले छनौट गर्नेछ। आवेदन छनौट गर्दा लक्षित समुदाय भए नभएको, भीमफेदी गाउँपालिकामा स्थायी बसोबास गर्ने वा नगर्ने, विगतका वर्षहरुमा अनुदान प्राप्त गरे वा नगरेको आदी पक्षलाइ आधार मानेर छनौट गर्नुपर्नेछ।

१.३.५ निर्माण सम्बन्धी कार्य यस भीमफेदी गाउँपालिकाले तयार पारेको लागत इस्टिमेट बमोजिम गरिनेछ ।

१.३.६ आवेदनमा कम्तिमा ३ वर्ष सम्म टनेलमा खेति गर्ने भनि प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ।

१.३.७ न्युनतम २ वटा टनेल निर्माण गर्नुपर्नेछ र प्लाष्टिक टनेल निर्माण गर्दा फलाम वा बाँसको फ्रेम हुनुपर्नेछ।

**१.४ कार्यक्रमको आर्थिक पक्ष**

- यस भीमफेदी गाउँपालिकाले तयार पारेको लागत अनुमानको आधारमा कार्यक्रम संचालन गर्ने कृषक/ कृषि फर्मलाई सम्झौता बमोजीम ५० प्रतिशत सम्म अनुदान दिईनेछ ।

**१.५ ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा सहभागिता सम्बन्धी सूचना**

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको आ.व २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदाँ यस गाउँपालिकामा बसोबास गर्ने इच्छुक कृषक/ कृषि फर्महरुलाई कार्यक्रममा सहभागीको लागि यो सुचना प्रकाशित भएको ३० औ दिन कार्यालय समय भित्र आइपुग्ने गरी तोकिएको निवेदनको ढाँचा बमोजिम आवश्यक कागजात सहित सम्बन्धित कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा आवेदन दर्ता गर्नुहुन आव्ह्यान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**निवेदन साथ संलग्न आवश्यक कागजातहरु :-**

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,
४. जम्मा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्ष सम्मको सम्झौता मन्जुरीनामा कार्यालयको प्रमाणीत प्रतिलिपी साथै जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
६. ३ बर्ष सम्म टनेल खेति गर्ने प्रतिवद्धता पत्र,

## १.६ ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा सहभागिता सम्बन्धी निवेदन

श्री प्रमुख ज्यू, मितिः-
भीमफेदी गाउँपालिका.................नं. वडा कार्यालय
भीमफेदी...................., मकवानपुर।

विषयः- ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा सहभागि हुन पाउँ।

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति........................ गते प्रकाशन गरिएको सुचना अनुसार म ५० प्रतिशत अनुदानमा .......... वटा प्लाष्टिक टनेल निर्माण गर्न इच्छुक रहेको हुदाँ मलाई ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा सहभागिता गराई अनुदान उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु।

<u>संलग्न कागजातहरुः-</u>

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,
४. जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्ष सम्मको सम्झौता मन्जुरीनामा कार्यालयको प्रमाणीत प्रतिलिपी साथै जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
६. ३ बर्ष सम्म टनेल खेति गर्ने प्रतिवद्धता पत्र,

<u>निवेदक</u>
नाम थरः
ठेगानाः
हस्ताक्षरः

## ३.७ प्रतिवद्धता पत्र

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति..................... को सुचना अनुसार ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल निर्माण कार्यक्रममा सहभागिताको लागि इच्छुक रहेकाले सोको निवेदन पेश गरेको छु । उक्त कार्यक्रममा उल्लेख भए बमोजिम ...................... टनेल निर्माण कार्य गर्नेछु र उक्त कार्य ..............वर्ष सम्म निरन्तरता दिनेछु। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु।

**निवेदकको तर्फबाट**
नामः
ठेगानाः
सम्पर्क नं.
दस्तखतः
मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

## २. <u>रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम</u>

२.१ **प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको अधिकांश क्षेत्रहरुमा अन्न तथा तरकारी बालीको खेती गरिन्छ । रैथाने बालीहरुमा यस क्षेत्रमा बिशेषतः कोदो, फापर, जौ, स्थानिय जातका धान, लट्टे आदीको यस क्षेत्रमा राम्रो सम्भावना रहेको छ त्यसैले यस्ता बालीहरुको खेति प्रवर्द्धन तथा व्यावसायिक उत्पादन र व्यावसाय विस्तारको लागि यो नगद प्रोत्सहान अनुदान कार्यक्रम प्रस्ताव गरिएको छ।

२.२ **कार्यक्रमको उद्देश्यः**

- रैथाने बालीहरु कोदो र फापरको खेतिं प्रवर्द्धन तथा व्यावसायिक उत्पादन र व्यावसाय विस्तार गरि भीमफेदी गाउँपालिकालाई खाद्यान्नमा आत्मानिर्भर बनाउने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ।

२.३ **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रक्रिया /कार्यविधिः**

२.३.१ यस रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम सञ्चालनका लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाद्वारा कम्तिमा ३० दिने सुचना प्रकाशन गरि आवेदन माग गर्नेछ।

२.३.२ आवेदन पेश गर्दा रैथाने बालीको नाम बालीको जात, रैथाने बाली खेति गरिरहेको जग्गा आदी कागजपत्र सहित पेश गर्नु पर्नेछ ।

२.३.३ आवेदन पेश गर्दा व्यावसायीक कृषि फर्म र आ.व. २०८०/०८१ मा अन्य शिर्षकमा अनुदान नलिएका कृषकहरुलाई प्राथमिकता दिइनेछ।

२.३.४ आवेदनमा वडा कार्यालयको सिफारिस अनिवार्य हुनु पर्नेछ।

२.३.५ आवेदन छनौटको अन्तिम अधिकार यस गाउँपालिकाको आर्थिक विकास समितिलाई हुनेछ ।

**२.४ कार्यक्रमको आर्थिक पक्ष**

यस कार्यक्रम संचालनका लागि तपसिल अनुसारको बुदाँहरु अबलम्बन गरिनेछ ।

२.४.१ यस कार्यक्रममा सहभागी कृषक/ कृषि फर्मलाई नगद अनुदान प्रदान गरिनेछ जसका लागि भीमफेदी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।

२.४.२ यस कार्यक्रममा कृषक / कृषि फर्मलाई खेति गरिएको क्षेत्रफलमा प्रति रोपनिको दरले नगद अनुदान प्रदान गरिनेछ। कार्यक्रममा सहभागि हुन कृषक / कृषि फर्मले कम्तिमा २ रोपनी जग्गामा रैथाने बाली खेती गरेको हुनु पर्नेछ।

*२.४.३ यस कार्यक्रम अन्तर्गत सहाभागितको लागि कोदोको हकम २ रोपनी वा सो भन्दा माथी साथै फापरको हकम २ रोपनी वा सो भन्दा माथी खेती गर्नेलाई नगद प्रोत्सहान अनुदान रकम उपलव्ध गराईनेछ र आवेदनकर्ताको संख्या र रैथाने वाली (कोदो, फापर) खेति गरिएको क्षेत्रफलको आधारमा लाभग्राही छनौट तथा नगद अनुदानको सिमा आर्थिक बिकास समिति बाट सिफारिस गरी गाउँकार्यपालिका बैठक बाट निर्णय गराए पश्चात अनुदान रकम उपलव्ध गराईनेछ। उपलव्ध गराईने प्रोत्सहान अनुदान रकममा करकट्टा गरिने छैन।

**(<u>*२.४.३ गाउँ कार्यपालिकाको बैठक मिति २०८१/०४/१४ गते संसोधन गरिएको बुँदा)</u>**

२.४.४ यस कार्यक्रममा सहभागी कृषकहरुलाई यस आ.ब. २०८१/०८२ मा अन्य कार्यक्रममा सहभागी हुन कुनै रोकतोक गरिने छैन तर अन्य कार्यक्रमहरुमा अत्याधिक आवेदन पर्न गएमा यस कार्यक्रममा सहभागी कृषक कृषि फर्महरुलाई कम प्राथमिकता दिईनेछ।

२.४.५ यस कार्यक्रममा जनप्रतिनिधि, सरकारी कर्मचारी, शिक्षकको एकाघर परिवारका सदस्यहरु यस अनुदान कार्यक्रममा समावेश गराईने छैन।

२.४.६ कृषक / कृषि फर्मले गलत विवरण पेश गरी अनुदान लिएको पाईएमा अनुदान रकम असुल उपर गरि ५ बर्ष सम्म गाउँपालिकाबाट सञ्चालन हुने कुनैपनी अनुदानका कार्यक्रममा सहभागी गराइने छैन।

२.४.७ कृषि प्राबिधिकले अनुगमन गरी प्रतिवेदन तयार गर्दा निज कृषक/ कृषि फर्मको जग्गाधनि पुर्जामा भएको जग्गाको परिमाण र खेति गरिएको जग्गाको परिमाण एकिन गर्न सक्नेछ।

२.४.८ अनुदान रकम भुक्तानीको लागि वडा कार्यालयले प्राविधिक, जनप्रतिनिधिहरुको रोहबरमा अनुगमन गरि वडा कार्यालयको निर्णय सहितको सिफारिस गाउँपालिकालाई उपलब्ध गराउन पर्नेछ।

***२.५ कर्मचारी र जनप्रतिनिधिको सेवा सुविधा र सञ्चालन खर्चः**

क. रैथाने बालिको नापजाँच गर्न जाँदा खटिने फिल्ड प्राविधिक र सम्बन्धित वडाको एक जना जनप्रतिनिधि लाई प्रति नापजाँच, निरिक्षण तथा प्रतिवेदन बापत (खाना, खाजा, सञ्चार, यातायत) को लागि रु. १००/- (यसमा करकट्टा गरिनेछ) यसै कार्यक्रम बाट खर्च हुने गरी उपलब्ध गराईनेछ।

ख. नापजाँचको अनुगमन गर्न जाँदा गाउँपालिकाको प्राविधिक, कर्मचारी लाई नियमानुसार अनुगमन भत्ता उपलब्ध गराईनेछ।

ग. नापजाँचको लागि आवश्यक पर्ने इन्चीटेप, डायरी, रेन्कोट लगायत आवश्यक सामाग्री यसै कार्यक्रमबाट खर्च गर्ने गरी उपलब्ध गराईने साथै आर्थिक विकास समितिको बैठकमा समेत यसै कार्यक्रम बाट बैठक भत्ता उपलब्ध गराईनेछ।

घ. कर्मचारी तथा जनप्रतिनिधिको लागि प्रदान गरिने सेवा सुविधाको लागि वडा कार्यालयबाट फिल्डमा खटिएको मिति, प्रतिवेदन संख्या खुल्ने कागज वडाबाट प्रमाणित गराएर पेश गर्नु पर्नेछ।

(* २.५ गाउँ कार्यपालिकाको बैठक मिति २०८१/०४/१४ गते संसोधन गरिएको बुँदा)

**२.६ रैथाने वाली खेती गरेको जग्गाको विषयः**

क. एकै व्यक्तिको नाममा रहेको जग्गामा १ भन्दा बढी व्यक्तिले तोकिएको मापदण्ड (२ रोपनी भन्दा बढीमा) पुरा गरी कोदो, फापर रोपेमा जग्गा धनी पूर्जा बमोजिम रैथाने वाली रोपिएको क्षेत्र फिल्ड प्राविधिक र जनप्रतनिधिले नापजाँच गरी मापदण्डमा भएमा सम्बन्धित प्राप्त प्रतिवेदनको आधारमा सम्बन्धित किसानलाई रकम उपलव्ध गराउनेछ।

ख. सम्बन्धित जग्गा धनीले खेती गर्ने कृषकलाई मञ्जुरिनामा / लिजमा लिएको कागजात उपलव्ध गराउनुपर्नेछ साथै जग्गा धनी रोजगारिको सिलसिलामा जिल्ला बाहिर वा विदेशमा रहेको / मृतकको हकमा सम्बन्धित वडा कार्यलयबाट जारी भएको नाता प्रमाणित पत्र वा नाता खुल्ने अन्य सरकारी लिखितको आधारमा आर्थिक विकास समितिले निर्णय गरिनेछ।

**२.७ रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रमको भुक्तानी :**

क) रैथाने वाली रोपिएको स्थान प्राविधिक र जनप्रतिनिधीको स्थलगत निरिक्षण तथा नापजाँचमा अतिउत्तम, उत्तम, मध्यम र उपयुक्त नभएको एकिन गरी कोदो, फापर रोपिए पनि उपयुक्त नभएको प्राविधिक प्रतिवेदन देखिएमा अनुदान दिईने छैन।

ख) स्थलगत रुपमा प्राविधिक र जनप्रतिनिधीले नापजाँच, निरिक्षण गरी वडा बाट प्राप्त प्रतिवेदनको सम्बन्धमा गाउँपालिकाको आर्थिक विकास समिति र गाउँपालिकाका कृषि प्राविधिक सहितको समितिले निर्णय गरी भुक्तानीको लागि सिफारिस गर्नेछ। यस समितिमा अनुदान दिन सकिने नसिकने अन्तिम निर्णय गरिनेछ। यस सम्बन्धमा आर्थिक विकास समिति र गाउँपालिकाको कृषि प्राविधिकद्धारा आवश्यकता अनुसार अन्तिम नापजाँच, निरिक्षण गर्न सकिनेछ।

ग) आवेदकको बैंक खातामा अनुदान रकम उपलव्ध गराईनेछ। निवेदकले आफ्नो बैंक खाता खोली उपलव्ध गराउनु पर्नेछ।

घ) अनुगमनको क्रममा नापजाँच र निरिक्षण गर्दा कृषि प्रविधिक र वडाका जनप्रतिधिले संयुक्त रुपमा हस्ताक्षर गरि सम्बन्धित वडाको जनप्रतिनिधि तथा अनुगमन पदाधिकारीहरुको रोहवारमा खिचिएको फोटो सहित पेश गर्नु पर्नेछ।

## अनुसूची-१

**(रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम सम्बन्धी सुचना)**

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार रैथाने बाली (कोदो/फापर) खेति प्रोत्साहनका लागि अनुदान कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदाँ यस गाउँपालिकामा स्थायी बसोबास गर्ने इच्छुक कृषक / कृषि फर्महरुलाई कार्यक्रममा सहभागीको लागि यो सुचना प्रकाशित भएको ३० औ दिन कार्यालय समय भित्र आइपुग्ने गरी अनुसूची-३ बमोजिमको निवेदनको ढाँचा तथा आवश्यक कागजात सहित सम्बन्धित कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा आवेदन दर्ता गर्नुहुन आव्ह्यान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु रैथाने बाली खेति प्रोत्सानका लागि नगद अनुदान कार्यक्रममा छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**निवेदन साथ संलग्न आवश्यक कागजातहरु :-**

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,
४. जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. अन्य जग्गा धनिको जग्गामा खेति गरीएको भए जग्गा धनि सँगको सम्झौता/मन्जुरीनामा कार्यालयको प्रमाणीत प्रतिलिपी साथै जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, मृतक वा वैदेशिक रोजगारमा रहेको व्याक्तीको नाममा रहेको जग्गाको हकमा चलनचल्तिमा रहेको सरकारी कागजात अथवा वडाको सिफारीस ।
६. खेति गरिएको जमिनको तस्विरहरु

## अनुसूची-२

**(कृषि प्राविधिक र जन प्रतिनिधिको संयुक्त प्रतिवेदन)**

यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको कृषि प्राविधिक र वडाका जनप्रतिनिधिहरुको उपस्थितीमा रैथाने बाली खेति गरिएको जग्गाको स्थलगत अनुगमन तथा निरीक्षणको संयुक्त प्रतिवेदन ।

**क) कार्यक्रमको नामः रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रम**

१. कृषक / कृषि फर्मको पुरा नाम :-
२. ठेगाना :-
३. प्रोपाइटर वा संचालकको नाम थरः-
४. सम्पर्क नम्बर :-
५. जग्गाधनीको नाम/थरः-
६. जग्गाधनीको ठेगानाः-
७. खेति गरिएको रैथाने बालीको नाम र जात :-
८. बाली लगाईएको क्षेत्रफल :-
९. कम्तिमा २ जना सधियारको नाम थर, ठेगाना, मोबाइल नम्बर र हस्ताक्षर
   - १.
   - २.
   - ३.
   - ४.

**१०. सञ्चालन भएका क्रियकलापहरुः**

- विरुवाको लागि व्याडको तयारी भए/नभएकोः
- नियमित गोडमेल भए/नभएको
- रोग/किराको प्रकोपको अवस्थाः
- खनजोतको अवस्थाः
- प्राङ्गारिक/रासायनिको मलको प्रयोग भएको विवरणः
- विरुवा लगाएको दिनः

**११. वालीको अवस्थाः-**

- अति उत्तम
- उत्तम
- मध्यम

१२. रोपिएको रैथाने वाली उत्पादनमुखी भए/नभएकोः-

१३. रोपिएको रैथाने वाली उपयुक्त भए/नभएकोः-

१४. कृषकहरुको समस्या/सुझाब/भनाईहरुः

-
-
-

१५. प्राविधिकको राय तथा सुझावहरुः-

-
-
-

१६. बैंक खाताको विवरणः

- बैंकको नामः
- बैंक खाताको नामः
- बैंक खाता नंः

**नोटः माथि उल्लेखीत विवरणहरु अंग्रेजी अक्षरमा खुलाउनुपर्नेछ।**

१७. अन्य केही उल्लेख गर्नु पर्ने भएमा खुलाउने

१८. तस्विरहरुः

**प्रतिवेदक**

| **कृषि प्राविधिक** | **जन प्रतिनिधि** |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| मोबाइल नम्बरः | मोबाइल नम्बरः |
| हस्ताक्षरः | हस्ताक्षरः |

**अनुसूची-३**

**(रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रममा सहभागिता सम्बन्धी निवेदन)**

श्री प्रमुख ज्यू, मितिः-

भीमफेदी गाउँपालिका/..... नं. वडा कार्यालय

भीमफेदी... मकवानपुर ।

**विषयः- रैथाने बाली खेति प्रोत्सानका लागि नगद अनुदान कार्यक्रममा सहभागि हुन पाउँ।**

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति.................... गते प्रकाशन गरिएको सुचना अनुसार मैले.............................. रोपनीमा रैथाने बाली खेति गरिरहेको हुँदा मलाई रैथाने बाली खेति प्रोत्साहनका लागि नगद अनुदान कार्यक्रममा सहभागिता गराई अनुदान उपलब्ध गराईदिनुहुन तपसिल अनुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु।

**तपसिल :-**

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,
४. जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. अन्य जग्गा धनिको जग्गामा खेति गरीएको भए जग्गा धनि सँगको सम्झौता/मन्जुरीनामा कार्यालयको प्रमाणीत प्रतिलिपी साथै जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
६. खेति गरिएको जमिनको तस्विरहरु

निवेदक

नाम थरः

ठेगानाः

हस्ताक्षर

## ३. मौरी पालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान)

३.१ **प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको अधिकांस क्षेत्रहरुमा खेति तथा पशुपन्क्षी पालनका कार्यहरु गरिन्छ तर भीमफेदी गाउँपालिका मौरीपालनको लागि पनि उत्तिकै सम्भावना रहेको छ, यस सम्भावनालाई उजागर गर्न विगतमा पनि भीमफेदी गाउँपालिका कृषि विकास शाखाले मौरीपालन तालिम थोरै संख्यामा मौरी गोला सहितको घार वितरण आदी कार्यक्रम गरेको छ। यस आ.ब. २०८०/०८१ मा यस्ता तालिम प्राप्त गरेका र थोरै घार संख्यामा मैरीपालन गरिरहेका कृषक तथा कृषि फर्महरुलाई व्यवसायिक मैरीपालक कृषक फर्म बनाउने उद्देश्यका साथ यो कार्यक्रम प्रस्ताव गरिएको छ।

३.२ **कार्यक्रमको उद्देश्यः**

- भीमफेदी गाउँपालिकामा बसोबास गर्ने कृषक/ कृषि फर्मलाई व्यवसायिक मौरीपालक कृषक बनाउने यस मौरीपालन व्यवसाय विस्तार कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

**३.३. कार्यक्रमको प्राबिधिक पक्ष / सञ्चालन प्रक्रिया/कार्यविधिः**

- यस मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) संचालनका लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाद्वारा कम्तिमा १५ दिने सुचना गरि प्रस्तावना/आवेदन आह्वान गरिनेछ।
- प्रस्तावना/ आवेदन पेश गर्दा कृषक/ कृषि फर्मले गोला सहितको मौरी घार, खाली मौरी घार, मौरी पालन व्यवसायमा प्रयोग हुने औजारहरु जस्तै फिडर, हाईब टुल, धुवाँदानी, रानी ढोका, रानी पाता आदी कार्यक्रमलाई प्रस्तावना/ आवेदन पेश गर्नु पर्नेछ ।
- प्रस्तावना / आवेदन पेश गर्दा एकल महिला कृषक, महिला कृषक, दलित तथा जनजाति समुदायका कृषक, सामान्य अपाङ्गता भएका कृषकलाइ विषेश प्राथकमिता दिइनेछ।
- आवेदन व्यवसायिक कार्ययोजना सहित हुनुपर्नेछ।
- आवेदन पेश गर्दा मौरीपालन विषयमा तालिम लिएको प्रमाणपत्र र हाल आफुसँग रहेको मौरी घारको संख्या खुलाई पेश गर्नु पर्नेछ ।
- प्रस्तावनामा कम्तिमा ३ वर्ष सम्म मौरीपालन व्यवसायलाई निरन्तरता दिने भनि प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ।
- यस कार्यक्रमको लागि कृषक छनौटको अधिकार यस गाउँपालिकाको आर्थिक विकास समितिलाई हुनेछ ।

**३.४ कार्यक्रमको आर्थिक पक्ष**

- यस कार्यक्रम संचालनका लागि कुल लागतमा ७५% अनुदान जसमा बढिमा रु २,५०,००० (एक लाख पचास हजार) मा नबढ्ने गरी अनुदान दिइनेछ।
- यस कार्यक्रम संचालनको क्रममा छनौट भएका कृषकहरुले २५ प्रतिशत रकम गाउँपालिकाको खातामा जम्मा गरे पश्चात यस गाउँपालिकाको कृषि विकास शाखाले कृषकलाई माग बमोजिमको सम्पुर्ण सामाग्री कृषकलाई हस्तान्तरण गरिनेछ ।
- यस कार्यक्रममा सेरेना जातको मैरीलाई मात्र प्रथमिकता दिईनेछ।
- यस कार्यक्रम संचालनको लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाले छनौट भएका कृषकहरुलाई बढिमा ३ दिने अन्तरक्रिया कार्यक्रम/तालिम / कृषक भ्रमण आदी कार्यक्रम संचालन गर्न सक्नेछ।

**३.५ मौरी पालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) सम्बन्धी सुचना :**

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको आ.व २०८१/०८२ को स्वीकृत वार्षिक मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) अर्न्तगत मौरीपालन तालिम लिएका र हाल मौरीपालन गरिरहेका कृषक/कृषि फर्महरुले अनुदान कार्यक्रममा सहभागी हुन यो सुचना प्रकाशित भएको १५ औ दिन कार्यालय समय भित्र आइपुग्ने गरी तोकिएको निवेदनको ढाँचा बमोजिम आवश्यक कागजात सहित सम्बन्धित कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आ-आफ्नो प्रस्तावना/ निवेदन दर्ता गर्नुहुन आव्ह्यान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु यस कार्यक्रममा छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजातहरुः-**

- मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागी गराई पाउँ भन्ने व्यहोराको निवेदन,
- निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, लिजमा लिएको भए करारनामा,
- हाल मौरीपालन गरिरहेको घारको विवरण र मौरीपालन सम्बन्धी तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- लागत अनुमान सहितको प्रस्तावना,
- आगामी ३ वर्ष सम्म मौरीपालन व्यवसायलाई निरन्तरता दिने प्रतिबद्धता पत्र,

<u>नोटः</u> भीमफेदी गाउँपालिकाको वडा नं.१ देखि ९ सम्मको स्थायी बासिन्दा भई थोरै घार संख्यामा मौरीपालन गर्दै आएका वा मौरीपालन विषयमा कम्तिमा ३ दिने तालिम लिएका कृषक/ कृषि फर्महरुलाई मात्र यस कार्यक्रममा समावेश गरिनेछ ।

## ३.६ मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागिता सम्बन्धी निवेदन

श्री प्रमुख ज्यू, मितिः-
भीमफेदी गाउँपालिका................ नं. वडा कार्यालय
भीमफेदी.................. मकवानपुर ।

विषयः- मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागि हुन पाउँ।

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति........................ गते प्रकाशन गरिएको सुचना अनुसार मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागिता गराई अनुदान उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरुः-**

१. मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागी हुन पाउँ भन्ने व्यहोराको निवेदन,
२. नीजि फर्म नवीकरण/कर चुक्ता/स्थायी लेखा नम्बर/प्रमाण पत्रको प्रतिलिपी,
३. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. जग्गाधनि पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,
६. कम्तिमा ३ वर्ष सम्म मौरीपालन व्यवसायलाई निरन्तरता दिने प्रतिबद्धता ।

<u>निवेदक</u>

नाम घरः

ठेगानाः

हस्ताक्षरः

### ३.७ प्रतिवद्धता पत्र

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति.................... को सुचना अनुसार मौरीपालन व्यवसाय विस्तार कार्यक्रम (७५ प्रतिशत अनुदान) मा सहभागिताको लागि इच्छुक रहेकाले सोको निवेदन पेश गरेको छु। उक्त कार्यक्रममा उल्लेख भए बमोजिम .......................मौरीपालन कार्य गर्नेछु र उक्त कार्य................ वर्ष सम्म निरन्तरता दिनेछु। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु।

**निवेदकको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

**४. गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम**

**४.१ प्रस्तावनाः** समग्र अर्थतन्त्रको विकासको लागि कृषि क्षेत्रको भुमिका निकै नै महत्त्वपुर्ण रहेको छ। कृषि क्षेत्रको उत्पादकत्व वृद्धि तथा व्यवसायीकरणका लागि कृषि फर्महरुको विकास हुन जरुरी हुन्छ। यसरी स्थापना भएका कृषि फर्महरुको बार्षिक उत्पादनले खाद्य सुरक्षामा समेत टेवा पुर्याएको हुन्छ। यसरी खाद्य सुरक्षा, देशको कुल ग्राहस्थ उत्पादन, गाउँपालिकाको आन्तरिक उत्पादन र खाद्य श्रृङ्खलामा अमुल्य योगदान पुर्याउने अन्नदाता कृषकहरुलाई सम्मान गर्नु राज्यका सबै संयन्त्र तथा तहको मुख्य कर्तव्य हो। त्यसैले भीमफेदी गाउँपालिकाले पनि यस २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रममा गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम रहेकोमा यस गाउँपालिका भित्रका क्षेत्रमा कृषि क्षेत्रमा अमुल्य योगदान पुर्याउने कृषकहरुलाई सम्मान गर्ने यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ।

**४.२ कार्यक्रमको उद्देश्यः**

- कृषि क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याई बढि भन्दा बढि कृषि उपजको उत्पादन गर्ने कृषकलाई सम्मान गर्ने ।

**४.३ कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रक्रिया / कार्यविधिः**

- यस गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालनका लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाद्वारा कम्तिमा १५ दिने सुचना गरि आवेदन आव्हान गर्नेछ।
- कृषकहरुले सुचना प्रकाशित गरिए पश्चात सूचनाको समय अबधि भित्र रहि रित गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागीताको लागि आवेदन दिनु पर्नेछ।
- आवेदन पेश गर्दा बेरोजगार, बैदेशिक रोजगारबाट फर्केका युवाले स्थापना गरेका कृषि फर्महरुलाई विषेश प्राथकमिता दिइनेछ ।
- कृषक / कृषि फर्म संचालकले कुनै कारणबस सुचना नपाएमा वा आवेदन पेश गर्नका लागि असर्मथ भएमा सम्वन्धीत वडा कार्यालयले वडा समितिबाट निर्णय गरि उत्कृष्ट कृषक सिफारिस गर्न सक्नेछ र यस्ता कृषकलाई आवश्यक कागजपत्र पेश गर्न ३ दिनको समय प्रदान गरी कार्यक्रममा समेटी कार्यक्रम संचालन गरिनेछ।
- आवेदन/ वडा समितिले सिफारिस भएका कृषकहरुले आवश्यक कागजात पेश गरे पश्चात सबै आवेदनहरुलाई स्थलगत अनुगमन कृषि शाखाका प्रबिधिकले गर्नेछन् । यसरी गरिएको अनुगमन प्रतिवेदन तोकिएको ढाँचा बमोजिमको हुनेछ।
- यस कार्यक्रम संचालन र कृषक छनौटका लागि छनौट समिति बनाईनेछ र उक्त समितिबाट सिफारिस भएका कृषकहरुको नामावली गाउँकार्यपालिकाले कृषक सम्मानका लागि अनुमोदन गर्नेछ।
- यस कार्यक्रमबाट ६ जना उत्कृष्ट कृषकहरुलाई जनही रु.२०,००० (बिस हजार मात्र) र एक जना कृषकलाई सर्वोकृष्ट कृषक रु. ३०,००० (तिस हजार मात्र) कर समेत नगद रकम र सम्मान पत्र सहित सम्मान गरिनेछ ।

**४.३.१ उत्कृट कृषक सम्मान कार्यक्रमका लागि यस निर्देशिका बमोजिम बनाईएको समिति यस प्रकार छः-**

गाउँपालिका उपाध्यक्ष- संयोजक

आर्थिक विकास समिति संयोजक र सदस्यहरु-सदस्य

प्रमुख प्रशासकिय अधिकृत - सदस्य

कृषि शाखा प्रमुख- सदस्य सचिव

यस समितिले बढिमा २ जना निर्वाचित जन प्रतिनिधि / विषयगत शाखाको कर्मचारी वा सम्बन्धित विषयको विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ ।

### ४.३.२ समितिको कार्य कर्तव्य र अधिकार

- आवेदनहरुको मुल्याङ्कन गर्ने,
- महत्वपूर्ण बालीहरुको पहिचान गरि न्युनतम मापदण्ड बमोजिम भए नभएको एकिन गर्ने,
- सम्मानित कृषकहरुको अभिलेख राख्ने एक पटक सम्मानित भएका कृषकहरुलाई कम्तिमा ३ वर्ष सम्म पुनः छनौट नगर्ने।
- कृषि विकास शाखाद्वारा संचालन हुने यस कृषक सम्मान कार्यक्रमका लागि कृषक छनौट गरी स्वीकृतिका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

### ४.४ कार्यक्रममा सहभागीताका लागि न्यनतम मापदण्ड :

| क्र.स | बालीको नाम | क्षेत्रफल / संख्या | कैफियत |
|---|---|---|---|
| १. | अन्नबाली (धान, मकै, गहुँ आदी) | कम्तिमा १० रोपनीमा अन्नबालीको खेति गरेको हुनुपर्ने) | |
| २. | तरकारी बाली | कम्तिमा ३ रोपनीमा तरकारी बाली खेति गरेको हुनुपर्ने (प्लाष्टिक घरमा १५०० वर्ग फिटमा तरकारी खेती गरेको हुनुपर्ने) | |
| ३. | रैथाने बाली | कम्तिमा ७ रोपनीमा रैथाने बाली खेति गरेको हुनुपर्ने | |
| ४. | फलफूल बाली | कम्तिमा ५० बोट फलफूल खेति गरिएको हुनुपर्ने (केराको हकमा ४ रोपनी) | |
| ५. | मौरीपालन | कम्तिमा ३० मौरी गोलघार | |
| ६. | च्याउ (सिताके, गोब्रे, कन्ये) | सिताके च्याउ कम्तिमा ३०० मुढा, अन्य च्याउ कम्तिमा १० ओटा टनेलमा खेति गरिएको हुनुपर्ने | |
| ७. | मसला काली | अदुवा / बेसार / अलैंची ५ रोपनी, अन्य मसला बाली २ रोपनी | |
| ८. | खाद्यान्न / तरकारी बिउ | कम्तिमा ४ रोपनीमा खेति गरिएको हुनुपर्ने | |
| ९. | प्राङ्गारिक कृषि | कम्तिमा ४ रोपनीमा खेति गरिएको हुनुपर्ने | |
| १०. | दलहन बाली | कम्तिमा ५ रोपनीमा दलहन बाली खेति गरिएको हुनुपर्ने | |
| ११. | तेलहन बाली | कम्तिमा ५ रोपनीमा दलहन बाली खेति गरिएको हुनुपर्ने | |
| १२. | जडिबुटि खेति | कम्तिमा ३ रोपनीमा खेति गरिएको हुनुपर्ने | |

माथी उल्लेख गरिएको भन्दा बाहेक नविनतम कृषि प्रविधिलाई समेत यस कार्यक्रममा समेटिनेछ, साथै उल्लेखित बालीहरुमा पनि नविनतम सोच, आधुनिक प्रबिधि, व्यवसायिकिकरण तथा बजारीकरण आदी प्रयोग गरि खेति गरिरहनु भएका कृषकलाई विशेष प्राथमिकता दिईने छ।

४.५ आवेदन छनौटका आधारहरुः

| क्र.स. | सूचक | पुर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | बाली खेतीका लागि प्रयोग भएको जमिनको क्षेत्रफल र आधारभुत आवश्यकताको उपलब्धता | १० | |
| २ | स्थानिय समुदाय र बजारमा कार्य अनुभवको आदान प्रदान एवम् योगदान | १० | |
| ३ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |
| ४ | रोजगारी सिर्जनाको स्थिति | १० | |
| ५ | नवितम प्रविधिक ज्ञान सिपबारे जनकारी र प्रयोग | १० | |
| ६ | व्यवसायको दिगोपना र भाबि योजना | १० | |
| ७ | उत्पादन तथा उत्पादकत्वको स्थिति | १० | |
| ८ | प्राविधिकसँगको सम्पर्क | ५ | |
| ९ | कृषक समुह तथा अन्य कृषिसँग सम्बन्धित संस्था सम्मको पहुँच | ५ | |
| १० | कृषि यान्त्रिकरणको प्रयोग | ५ | |
| ११ | कृषि व्यवसायकाट प्राप्त आम्दानी र प्रतिफलको स्थिति | १० | |
| १२ | रोग किरा तथा शत्रुजिव व्यवस्थापनान प्रयोग भएको प्रबिधि | ५ | |
| | **जम्मा** | १०० | |

**४.५ गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मा सहभागिता सम्बन्धी निवेदनको ढाँचा**

श्री प्रमुख ज्यू मितिः-
भीमफेदी गाउँपालिका................ नं. वडा कार्यालय
भीमफेदी.. ................ मकवानपुर ।

विषयः- गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम मा सहभागि हुन पाउँ।

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति............................गते प्रकाशन गरिएको सुचना अनुसार गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा मलाई सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन दर्ता गरीदिनहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको विवरण ठिक छ, झुठ्ठा ठहरीए कानुन बमोजिम सहुँला बुझाउला।

निवेदक
नाम थरः
ठेगानाः
हस्ताक्षरः

४.६ गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारका लागि कृषकले पेश गर्नु पर्ने विवरण फारमको ढाँचा

१. कार्यक्रममा सहभागी हुने कृषकको नाम :

२. ठेगाना :

३. सम्पर्क नम्बर :

४. श्रोत साधनको विवरण :

| क.स. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | रोपनी | |
| २ | कूल खेती गरिएको क्षेत्रफल | रोपनी | |
| ३ | सिंचित जग्गाको क्षेत्रफल | रोपनी | |
| ४ | कृषि यन्त्र उपकरणको विवरण तथा अवस्था | | |
| ५ | सिंचाईको स्रोत (कुलो, प्लाष्टिक पोखरी आदी) | | |

५. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण :

| क.स. | विवरण | इकाई | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|
| १ | धान | | | |
| २ | मकै | | | |
| ३ | गहुँ | | | |
| ४ | कोदो | | | |
| ५ | फापर | | | |
| ६ | दालबाली | | | |
| ७ | तेलबाली | | | |
| ८ | तरकारी बाली | | | |
| ९ | आलु बाली | | | |
| १० | मसला बाली | | | |
| ११ | फलफुल बाली | | | |
| १२ | मौरीपालन | | | |
| १३ | जडिबुटि खेति | | | |
| १४ | च्याउ (सिताके, गोब्रे, कन्ये) | | | |
| १५ | खाद्यान्न बिउ | | | |
| १६ | तरकारी बिउ | | | |

**६. सेवा तथा संस्थागत पहुँच सम्बन्धि विवरण :**

| क.स. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १ | कृषि विकास शाखा सँग सम्पर्क/ समन्वय स्थिती | | | | |
| २ | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| ३ | प्राविधिक सँग सम्पर्क स्थिती | | | | |

**७. कृषि पेशामा संलग्न कामदारहरुको विवरण :**

| क.स. | कामको किसिम | सङ्ख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

**८. कृषि व्यवसायमा लगानी स्थिती :**

| क.स. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ३ | अन्य खर्च | | |
| ४ | कुल जम्मा खर्च | | |

**९. कृषि व्यवसायमा भएको लगानीको स्रोत :**

| क.स. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्था बाट लिएको ऋण रकम | | |
| २ | समुह/सहकारी बाट लिएको ऋण रकम | | |
| ३ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | कुल जम्मा | | |

**१०. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिती :**

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | कृषि उपजको बजारीकरणबाट | | |
| ३ | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

**११. निम्न विषयमा सहभागी कृषक दक्षता :**

| क्र.स. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रणमा प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | समुह, समिति, सहकारीका सदस्य (भएको नभएको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पाएको (पाएको/नपाएको) | |

**१२. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना :**

# ५.० हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रम

**५.१ प्रस्तावनाः** समग्र अर्थतन्त्रको विकासको लागि कृषि र यसमा पनि फलफूल खेति क्षेत्रको भुमिका निकै नै महत्त्वपुर्ण रहेको छ। कृषि क्षेत्रको उत्पादकत्व बृद्धि तथा व्यवसायिकिकरणका लागि कृषि फर्महरुको विकास हुन जरुरी हुन्छ । यसरी स्थापना भएका कृषि फर्महरुको वार्षिक उत्पादनले खाद्य सुरक्षामा समेत टेवा पु-याएको हुन्छ। भीमफेदी गाउँपालिकाको आ.ब. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रमले कृषि क्षेत्रमा प्रबिधि विस्तार गरीनुका साथै यस क्षेत्रको उत्पादन समेत बृद्धि गर्ने लक्ष्य रहेको छ।

**५.२ कार्यक्रमको उद्देश्यः**

- यस गाउँपालिका क्षेत्रमा फलफूल खेति विस्तार गर्ने।

**५.३ कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रक्रिया :**

५.३.१. यस कार्यक्रमका लागि भीमफेदी गाउँपालिकाले ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रम संचालनका लागि भीमफेदी गाउँपालिका कृषि विकास शाखाद्वारा कम्तिमा ३० दिने सुचना गरि प्रस्तावना आवहान गर्नेछ ।

५.३.२ कृषकहरुले सुचना प्रकाशित गरिए पश्चात सूचनाको समय अवधि भित्र रहि ५० प्रतिशत अनुदानमा फलफूल खेतिका लागि विरुवा रोपण, विरुवा संरक्षणका लागि घेराबार र गत वर्षहरुमा लगाईएको किवि खेतिका लागि थाक्राँको लागि आवेदन दिनु पर्नेछ ।

५.३.३ आवेदन पेश गर्दा बेरोजगार, बैदेशिक रोजगारबाट फर्केका युवाले स्थापना गरेका कृषि फर्महरुलाई विषेश प्राथकमिता दिइनेछ ।

५.३.४ आवेदन यस गाउँपालिकाको आर्थिक विकास समितिले छनौट गर्नेछ। आवेदन छनौट गर्दा लक्षित समुदाय भए नभएको, भीमफेदी गाउँपालिकामा स्थायी बसोबास गर्ने वा नगर्ने, विगतका वर्षहरुमा अनुदान प्राप्त गरे वा नगरेको आदी पक्षलाई आधार मानेर छनौट गर्नुपर्नेछ ।

५.३.५ यस कार्यक्रममा सहभागिताका लागि कम्तिमा एक जातको ५० वटा फलफूलको विरुवा रोपणको लागि आवेदन दिनु पर्नेछ।

५.३.५ आवेदनमा कम्तिमा १० वर्ष सम्म फलफूल खेति गर्ने भनि प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ ।

**५.४ कार्यक्रमको आर्थिक पक्ष**

- यस भीमफेदी गाउँपालिकाले तयार पारेको लागत अनुमानको आधारमा कार्यक्रम संचालन गर्ने कृषक/ कृषि फर्मलाई सम्झौता बमोजीम ५० प्रतिशत सम्म अनुदान दिईनेछ।
- आवेदक कृषक/ कृषि फर्महरुलाई विरुवा रोपण कार्यका लागि खाडल तयार गर्न थप रु.५० (पचास मात्र) प्रति खाडल नगद अनुदान दिईनेछ।
- यस कार्यक्रमका लागि खरिद सम्बन्धी कार्य प्रचलित नियमअनुसार यस गाउँपालिकाको कृषि विकास शाखाले गर्नेछ।
- यस कार्यक्रम संचालनको क्रममा छनौट भएका कृषकहरुले ५० प्रतिशत रकम गाउँपालिकाको खातामा जम्मा गरे पश्चात यस गाउँपालिकाको कृषि विकास शाखाले कृषकलाई माग बमोजिमको सामाग्री कृषकलाई हस्तान्तरण गरिनेछ ।
- कृषि प्राविधिकको प्रतिवेदन तथा वडाको सिफारीसका आधारमा कम्तिमा ५० वटा ३×३ फिटका खाडल तयार गरिसकेका कृषकहरुलाई प्रति खाडल रु.५० का दरले नगद अनुदान र ५०% अनुदानमा फलफूलका विरुवा उपलब्ध गराइने छ।
- किविको लागि थाक्रा विस्तार कार्यक्रमको लागि प्रति कृषक / कृषि फर्मलाई ५० प्रतिशत अनुदान वा रु.१००,०००/- (एक लाख मात्र) मा नबढ्ने गरी मात्र अनुदान दिईनेछ ।

### ५.५ हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रम सम्बन्धी सूचना

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदाँ यस गाउँपालिकामा बसोबास गर्ने इच्छुक कृषक/ कृषि फर्महरुलाई कार्यक्रममा सहभागीको लागि यो सुचना प्रकाशित भएको ३० औ दिन कार्यालय समय भित्र आइपुग्ने गरी तोकिएको निवेदनको ढाँचा बमोजिम आवश्यक कागजात सहित सम्बन्धित कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा दर्ता गर्नुहुन आव्ह्यान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु यस कार्यक्रममा छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**निवेदन साथ संलग्न आवश्यक कागजातहरु :-**

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,
३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,
४. जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,
५. कम्तिमा १० वर्ष सम्म फलफूल खेति गर्ने प्रतिवद्धता पत्र,
६. लागत अनुमान सहितको प्रस्तावना।

### ५.६ हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रममा सहभागिता सम्बन्धी निवेदन

श्री प्रमुख ज्यू,
भीमफेदी गाउँपालिका/..... नं. वडा कार्यालय मितिः-
भीमफेदी....... मकवानपुर।

**विषयः - हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रममा सहभागि हुन पाउँ।**

उपरोक्त सम्बन्धमा यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति....................गते प्रकाशन गरिएको सुचना अनुसार म ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रम गर्न इच्छुक रहेको हुदाँ मलाई ५० प्रतिशत अनुदानमा तपसिलमा उल्लेख गरिए बमोजिमको फलफूलको विरुवा र........................... उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरुः-**

१. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस,

३. नीजि फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी -१/१ थान,

४. जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

५. कम्तिमा १० वर्ष सम्म फलफूल खेति गर्ने प्रतिवद्धता पत्र,

६. लागत अनुमान सहितको प्रस्तावना ।

निवेदक

नाम थरः

ठेगानाः

हस्ताक्षर

**प्रतिवद्धता पत्र**

भीमफेदी गाउँपालिकाको कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति...........................को सुचना अनुसार हिउँदे तथा वर्षे फलफूल खेति विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक रहेकाले सोको निवेदन पेश गरेको छु । उक्त कार्यक्रममा उल्लेख भए बमोजिम ............... फलफूल खेति कार्य गर्नेछु र उक्त कार्य ................वर्ष सम्म निरन्तरता दिनेछु। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

**निवेदकको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

## ६. च्याउ उत्पादन अनुदान कार्यक्रम

**६.१ प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको अधिकांश क्षेत्रहरुमा विभिन्न खाद्यन्न तथा नगदे बाली खेति गरिन्छ ।खेति प्रणालीहरुमा यस क्षेत्रमा च्याउ खेति पनि गर्ने गरिएको छ। च्याउ खेतिमा विशेष गरि व्यावसायिक कन्ये च्याउ खेति यस क्षेत्रमा खेति गरिने प्रमुख नगदे बाली हो जसका लागि यस क्षेत्रको हावापानी पनि उपयुक्त रहेको छ। च्याउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भाव्यता बोकेको सन्दर्भमा यस भीमफेदी गाउँपालिकाको भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी च्याउ खेती कार्यक्रम मार्फत व्यवसायिक उत्पादन तथा उत्पादकत्व वृद्धि र बिस्तार गरी कृषकहरुलाई कन्ये/ पराले च्याउ खेतिमा नगद अनुदान प्रदान गर्ने उद्देश्यका साथ यो प्रस्ताव पेश गरिएको छ।

**६.२ उद्देश्यः यस मापदण्डको उद्देश्य देहाय वमोजिम हुनेछः**

(क) कृषक, कृषक समुह, कृषि सहकारी वा च्याउ उत्पादन हुने क्षेत्रहरुमा कन्ये/ पराले च्याउ खेती तालिम तथा विस्तार साथै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) च्याउको उपभोगस्तर बढाई खाद्य तथा पोषण अवस्थामा सुधार ल्याउने,

(ग) आर्थिक तथा रोजगारीका साथै जीवनस्तर माथि उकास्न टेवा पु¥याउने ।

**६.३ कार्यक्रमको प्राबिधिक पक्ष / सञ्चालन प्रक्रिया :**

- कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाको कृषि विकास शाखाले एक आर्थिक बर्षका लागि एक पटक सूचना प्रकाशन गर्नेछ।
- यस च्याउ उत्पादन अनुदान कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले कन्ये च्याउको बल (Ball) को आधारमा अनुदान दिईनेछ। यसरी अनुदान दिदाँ प्रति बल रु.२५ (पच्चिस रुपैंया मात्र) नगद अनुदान दिईनेछ ।
- अनुदनका लागि कृषकले तोकिएको ढाँचा बमोजिमको आवश्यक कागजात तथा प्रक्रिया पुरा गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।
- कृषकको निवेदन पश्चात सम्बन्धित वडा कार्यालयमा खटिएका कृषि प्राविधिकलाइ सम्पर्क गरी च्याउको टुसा उम्रिने बेलामा च्याउ बलको गणना गराउनु पर्नेछ र सो प्रतिवेदन सम्बन्धीत वडा कार्यालयबाट प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
- यसरी अनुदानका लागि प्रति कृषक बढीमा प्रति वर्ष १ पटक मात्र अनुदानका लागि आवेदन गर्न सक्नेछ ।
- च्याउ उत्पादनमा अनुदान कार्यक्रममा आ.व. २०७९/०८० मा सहभागी भइसकेका कृषकहरु भन्दा नयाँ कृषकहरुलाई प्राथमिकता दिइने छ।
- यस कार्यक्रममा भीमफेदी गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मको स्थायी बासिन्दा भई कन्ये/पराले च्याउ खेती गर्दै आएका कृषकहरुलाई मात्र यस कार्यक्रममा समावेश गरिनेछ ।
- यस च्याउ उत्पादन अनुदान कार्यक्रम नगद अनुदानमा आधारित कार्यक्रम भएकाले कन्ये च्याउको बल (Ball) को आधारमा अनुदान दिईनेछ र प्रति कृषक/ निजि तथा व्यक्तिगत कृषि फर्म/कम्पनीहरुलाई न्यूनतम १०० बल र बढीमा २५०० बल सम्म मात्र नगद अनुदान दिईनेछ।

**६.४ च्याउ उत्पादन अनुदान सम्बन्धी सुचना**

भीमफेदी गाउँकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, भीमफेदी मकवानपुरको आ.व २०८०/०८१ को स्वीकृत वार्षिक च्याउ उत्पादन अनुदान कार्यक्रम अन्तर्गत कन्ये च्याउ खेती गरी च्याउ उत्पादक कृषकहरुले अनुदान कार्यक्रममा सहभागी हुन यो सुचना प्रकाशित भएको मितिले यस आ.व. भरि कार्यालय समय भित्र आइपुग्ने गरी तोकिएको ढाँचामा आवश्यक कागजात सहित निवेदन यस कार्यालयमा दर्ता गर्नुहुन आव्ह्यान गरिन्छ। साथै रित

नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु च्याउ उत्पादन अनुदान छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**आवश्यक कागजातहरुः-**

(क) च्याउ उत्पादन अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन,
(ख) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
(ग) लालपुर्जाको प्रतिलिपी, भाडामा लिएको भएको करारनामा,
(घ) च्याउ खेती गरिएको टनेलको फोटो (बल सहित),
(ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(च) कृषि प्राबिधिकको स्थलगत प्रतिवेदन,
(छ) वडा कार्यालयको सर्जिमिन मुचुल्का ।

नोटः- भीमफेदी गाउँपालिकाको वडा नं.१ देखि ९ सम्मको स्थायी बासिन्दा भई कन्ये च्याउ खेती गर्दै आएका कृषकहरुलाई मात्र यस कार्यक्रममा समावेश गरिनेछ।

### ६.५ च्याउ उत्पादन अनुदान कार्यक्रममा सहभागिता सम्बन्धी निवेदन

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू, मितिः-
भीमफेदी गाउँकार्यपालिकाको कार्यालय,
भीमफेदी, मकवानपुर ।

**विषयः- च्याउ खेती अनुदान कार्यक्रममा सहभागिता हुन पाउँ।**

उपरोक्त सम्बन्धमा बस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको मिति.................... गते प्रकाशन गरिएको सुचना अनुसार च्याउ खेती अनुदान कार्यक्रममा सहभागिता गराई अनुदान उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातहरुः-**

१. कृषि फर्म सूचिकृत गरी पाउँ भन्ने व्यहोराको निवेदन,
२. नीजि फर्म नवीकरण/ कर चुक्ता/स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी,
३. निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. कृषि प्राविधिक प्रतिवेदन ।

<u>निवेदक</u>
नाम थरः
ठेगानाः
हस्ताक्षर

**६.६ कृषि प्राविधिकको प्रतिवेदनः**
यस भीमफेदी गाउँपालिका कृषि विकास शाखा, भीमफेदी मकवानपुरको कृषि प्राविधिकहरुको उपस्थितीमा च्याउ उत्पादन अनुदान कार्यक्रम अन्तर्गत आवेदन दिनु भएका कृषकहरुको च्याउ खेती गरिएको टनेलको अनुगमन तथा निरीक्षणका क्रममा तपसिलको विवरण उपलब्ध भयो।

**तपसिल**

**कार्यक्रमको नामः** च्याउ खेती अनुदान कार्यक्रम

| क्र.स. | कृषकको नाम थर | ठेगाना | च्याउ खेती गरिएको टनेल संख्या | बल संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रतिवेदक

*७. **कार्यक्रम सञ्चालन खर्चः** यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गर्दा आवश्यक सहजिकरण, व्यवस्थापन, समन्वय, अनुगमन तथा कार्याविधि निर्माण आदि कार्यहरुमा कृषि विकास शाखाको प्राविधिक तथा विभिन्न शाखाको कर्मचारीहरुको समन्वयमा बैठक बसि कार्यक्रमको विस्तृत कार्ययोजना तयार गर्न सकिने छ। यस निर्देशिका बमोजिम कार्यान्वयन हुने कार्यक्रमहरुको अनुगमन, सुपेरिवेक्षण, सहजिकरण, कार्यविधि निर्माण, समन्वय, मूल्याङकन गरे बापत विभिन्न खर्च शिर्षक - अनुगमन भत्ता, बैठक भत्ता, संचार, प्रतिवेदन लेखन आदिमा नियामनुसार उक्त कार्यक्रमको स्विकृत प्रस्तावना, स्विकृत टिपणी तथा कार्यक्रमको कार्यसम्पन्ताको प्रतिवेदनको आधारमा भुक्तानी गरि खर्च गर्न सकिनेछ।

**(* ७ गाउँ कार्यपालिकाको बैठक मिति २०८१/०४/१४ गते संसोधन गरिएको बुँदा)**

८. **बाधा अड्काउ फुकाउने अधिकारः-**
यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ।

९. **खारेजी र बचाउः-**
यस निर्देशिका नेपालको संविधान तथा अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत